नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

बबरमहल, काठमाण्डौं

प. सं.

च. नं.

मितिः २०८२/०६/१५, २०:०० बजे

## प्रेस विज्ञप्ति

बंगालको खाडीमा विकसित भएको न्यून चापीय मौसमी प्रणाली भारतको ओडिसाबाट जमिनको भू-भागमा प्रवेश गरी मध्य भारत तर्फ क्रमशः सर्ने भएको र सो न्यून चापीय प्रणालीको कारणले नेपालमा जलवाष्फ युक्त मनसुनी वायु प्रवेश गरी आगामी असोज १७ गते बाट असोज २० गते सम्म खास गरी **कोशी, मधेश, बागमती, गण्डकी** र **लुम्बिनी प्रदेश** सम्म मनसुनी गतिविधि सक्रिय हुने सम्भावना देखिएको छ।

हालको विश्लेषण अनुसार उक्त अवधिमा देशको **नारायणी, बागमती, कमला र कोशी** नदी र यी नदीका सहायक नदीहरुमा बहाब उल्लेख्य बढ्ने र खतरा तह आसपास पुग्न सक्ने देखिएको साथै कोशी, बागमती, गण्डकी, लुम्विनी र मधेश प्रदेशका महाभारत, चुरे भई बहने स-साना नदीनालाहरुमा आकस्मिक बहाव हुन सक्ने सम्भावना रहेको छ। विशेषगरि बागमती प्रदेशका **काठमाण्डौ उपत्यका, काभ्रे, सिन्धुपाल्चोक, रसुवा, मकवानपुर, चितवन** कोशी प्रदेशका **संखुवासभा, ताप्लेजुङ, इलाम, झापा**, **मोरङ** मधेश प्रदेशका **वारा, पर्सा, सर्लाही, रौतहट** र आसपासका जिल्ला भई बहने स-साना नदीहरुमा आकस्मिक बहावको सम्भावना उच्च रहेको हुँदा मुख्यतः **असोज १८-२०** सम्म विशेष सतर्कता अपनाउन हुन अनुरोध छ।

नेपालमा मनसुन बहिर्गमन भइनसकेको हालको अवस्थामा यस विभागले मौसम र बाढीको संभावित बिषम अवस्थाको नियमित अनुगमन गरिरहेको छ। तसर्थ, यस विभागवाट वेभसाइट, सामाजिक सञ्जाल, टोल फ्रि सेवा (११५५) तथा SMS लगायतका माध्यमबाट सम्प्रेषण गरिने अद्यावधिक पूर्वसूचना प्राप्त गरी आवश्यक सतर्कता अपनाउन हुन सबैमा अनुरोध छ।

उल्लेखित पूर्वानुमानका आधारमा उत्पन्न हुन सक्ने बाढी, डुबान, पहिरो, भू-क्षय लगायतका जोखिमका साथै सडक तथा हवाई यातायात प्रभावित हुन सक्ने सम्भावनालाई ध्यानमा राखी सम्भावित क्षति न्यूनिकरणका लागि विभागबाट नियमित रूपमा जारी हुने पूर्वानुमान तथा पूर्वसूचनाहरू छिटो प्रबाह गरी पूर्वतयारी र आवश्यक पूर्वकार्यमा जुट्न विभाग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी सबै निकायहरू र आमसर्वसाधारणलाई हार्दिक अपिल गर्दछ।

वेबसाइट तथा सामाजिक सञ्जालहरू

Website: https://www.dhm.gov.np/
Website: https://hydrology.gov.np/
Website: https://dhm.gov.np/mfd/

Facebook Page: https://www.facebook.com/mfd.nepal.5
Facebook Page: https://www.facebook.com/Flood.EWS
Facebook Page: https://www.facebook.com/climate.section.3

X Page: https://x.com/DHM_Weather
X Page: https://x.com/DHM_FloodEWS

प्रवक्ता

विभूति पोखरेल